# 12 वर्ष वा सोभन्दा बढी उमेरका कुनै पनि व्यक्तिले अब COVID-19 विरुद्धको खोप लगाउन सक्छन् ।

The Vaccine Real Talk

FDA ले 12 वर्ष वा सोभन्दा बढी उमेरका मानिसहरूलाई Pfizer/BioNTech ले विकास गरेका COVID-19 विरुद्धको खोप लगाउन अनुमति दिएको छ । महामारीको अन्त्य गर्नको लागि यो एक रोमाञ्चक र महत्त्वपूर्ण कदम हो । **Pfizer खोप बच्चाहरूलाई लगाउनका लागि आधिकारिक रूपमा स्वीकृत गरिएको एक मात्र COVID-19 विरुद्धको खोप हो ।**




COVID-19 विरुद्धको खोपहरू बिमारी, अस्पताल भर्ना र मृत्यु[1] रोक्नका लागि मात्र अति प्रभावकारी नभएर यी खोपले हाम्रा बच्चाहरूलाई स्कुलमा र उनीहरूका साथीहरूसँगको सामान्य गतिविधिहरूमा फर्कन मद्दत गर्दछ । हालैमा गरिएका अध्ययनहरूले यी खोपहरूले अहिलेसम्म पहिचान भएका भाइरसका 2 नयाँ स्वरूपहरूको विरुद्ध काम गर्न सक्छन् भनेर देखाएका छन् । खोप लगाउने विकल्प रोज्ने युवाहरूले भाइरसबाट आफूलाई मात्र नभएर हाम्रो समुदायमा जोखिममा रहेका वा हाल खोप लगाउन नपाएका मान्छेहरूलाई पनि जोगाउन मद्दत गर्छन् ।

## बच्चाहरूले किन COVID-19 विरुद्धको खोप लगाउनु जरुरी छ ?

जनमानसमा बच्चाहरूलाई COVID-19 लाग्दैन वा भाइरसबाट गम्भीर बिमारी हुने जोखिम छैन भन्ने गलत बुझाइ रहेको छ । यद्यपि, केही बच्चाहरू अस्पतालमा उपचार गर्नुपर्ने गरी नै बिरामी हुन्छन् । COVID-19 ले बच्चाहरूलाई दीर्घकालीन रूपमा कसरी प्रभाव पार्ने छ भनेर हामीलाई अझै धेरै कुरा थाहा छैन ।

खोप लगाउँदा हुन सक्ने कुनै पनि सम्भावित जोखिमको तुलनामा COVID-19 धेरै नै खतरनाक छ । बच्चाहरूलाई सङ्क्रमण भएको समयमा कहिल्यै लक्षणहरू नदेखिए तापनि वा हल्का लक्षणहरू मात्रै देखिए पनि वयस्कहरूमा जस्तै दरमा बच्चाहरू गम्भीर, सम्भावित दीर्घकालीन स्थायी साइड इफेक्टबाट ग्रस्त हुन्छन् । धेरै बच्चाहरूले थकान लाग्ने, टाउको दुख्ने, पेट दुख्ने, मांसपेशी र जोर्नी दुख्ने र स्मरणशक्ति र बुझ्ने क्षमतामा कठिनाइ भोगिरहनु पर्ने हुन्छ ।

महामारी सुरु भएदेखि 0 देखि 18 वर्षका युटाका 77,827 बच्चाहरूलाई COVID-19 लागेको कुरा पत्ता लागेको छ, जसमा 683 लाई अस्पतालमा भर्ना गर्नुपरेको थियो । ती उमेर समूहमा अस्पताल भर्ना हुनु पर्नेमध्ये 74 जना बच्चाहरूमा मल्टिसिस्टम इन्फ्लामेटरी सिन्ड्रोम (MIS-C) देखिएको थियो । MIS-C ज्यान लिन सक्ने गम्भीर अवस्था हो ।




1 https://www.cdc.gov/vaccines/acip/meetings/downloads/slides-2021-05-12/04-COVID-Oliver-508.pdf

2 https://www.cdc.gov/coronavirus/2019-ncov/science/science-briefs/fully-vaccinated-people.html

UTAH DEPARTMENT OF HEALTH

# मेरो बच्चालाई पहिले नै COVID-19 लागेको छ भने के उनले खोप लगाउनु पर्छ ?




हो, यदि तपाईंको बच्चालाई पहिले नै COVID-19 भएको छ भने पनि उनले खोप लगाउनु पर्छ । खोप लगाउनाले रोग लाग्नबाट अतिरिक्त सुरक्षा प्राप्त हुन्छ र फेरि सङ्क्रमण हुन सक्ने सम्भावना कम हुन्छ । अध्ययनले खोप लगाउनाले भाइरसको विभिन्न भेरियन्टबाट तपाईंलाई बचाउँछ भनेर देखाइरहेको छ । यसको अर्थ खोपले प्राकृतिक प्रतिरक्षाको तुलनामा लामो समयसम्म प्रतिरक्षा प्रदान गर्छ वा रोग लाग्ने प्रतिरोधात्मक क्षमता प्रदान गर्छ भन्ने पनि हुन सक्छ । खोप लगाउनु भाइरसबाट सङ्क्रमित हुनु र COVID-19 रोगबाट बिरामी हुनुभन्दा रोग प्रतिरोधात्मक क्षमता विकास गर्ने धेरै सुरक्षित र प्रभावकारी तरिका हो ।

# के मेरो बच्चालाई खोप लगाउँदा साइड इफेक्ट हुन सक्छ ?[3]

COVID-19 विरुद्धका खोपहरू सुरक्षित तथा प्रभावकारी छन् । तर सबै औषधिहरूले जस्तै, केही व्यक्तिहरूलाई साइड इफेक्ट पनि हुन सक्छ । त्यसैले ती खोप के हुन् र के कुराको विचार गर्नु पर्छ भन्ने कुरा थाहा पाइराख्नु जरुरी छ ।

## सामान्य साइड इफेक्टहरू


तपाईको बच्चामा केही दिनसम्म हल्कादेखि मध्यम साइड इफेक्टहरू देखिन सक्छन् । यी साइड इफेक्ट देखिनु भनेको शरीरले सुरक्षा निर्माण गरिरहेको छ र प्रतिरक्षा प्रणालीले गर्नुपर्ने कार्य गरिरहेको छ भन्ने कुराको सामान्य सङ्केत हो । यी साइड इफेक्टहरू सामान्यतया 12 देखि 48 घण्टामा आफैँ हराउँछन् । केही व्यक्तिमा कुनै साइड इफेक्ट हुँदैन वा उनीहरूले दोस्रो डोज लगाएपछि पहिलो डोजपछि देखिएभन्दा फरक साइड इफेक्ट देखिन सक्छ । आम साइड इफेक्ट देखिँदैमा COVID-19 विरुद्धको mRNA खोपको दोस्रो डोज लगाउनबाट डराउनु पर्दैन । तपाईंले दुवै डोज लगाएपछि मात्र पूर्ण रूपमा सुरक्षित हुनुहुन्छ ।

**सुई लगाएको पाखुरामा निम्न साइड इफेक्टहरू देखिन सक्छन्:**

- दुख्ने
- रातो हुने
- सुनिने

**शरीरका बाँकी भागमा निम्न साइड इफेक्टहरू देखिन सक्छन:**

- काम छुट्ने
- पखाला लाग्ने
- ज्वरो वा पसिना आइरहे जस्तो हुने
- टाउको दुख्ने
- मांसपेशी दुख्ने
- रिङ्गटा लाग्ने वा पेटमा समस्या आउन थकाइ लाग्ने



3 https://www.cdc.gov/vaccines/covid-19/info-by-product/pfizer/reactogenicity.html

## अलिक कम देखिने साइड इफेक्टहरू



केही बच्चाहरूले सामान्यतया: काखी वा घाँटीमा सुन्निएको र लिम्फ नोडहरू (लिम्फडेनोपाथी भनिन्छ) मा छुँदा दुखाइ अनुभव गर्न सक्छन् ।

केही व्यक्तिहरूमा सुई लगाएको ठाउँ (जसलाई प्राय: “COVID पाखुरा” भनिन्छ) मा रातो हुने, चिलाउने, सुन्निने वा दुख्ने खालको डाबर आउन सक्छ । यी डाबरहरू पहिलो डोज लगाएको दिनको केही दिनभित्र वा एक हप्ताभन्दा बढी समयपछि देखिन सक्छ । यदि तपाईंको बच्चालाई पहिलो डोज लगाएपछि "COVID पाखुरा” भएको छ भने पनि उनले 2 डोज लगाउनु पर्ने हुन्छ । यस्तो अवस्थामा आफ्नो बच्चाको डाक्टरलाई भनेर बच्चामा देखिएको चिलाउने समस्या निको पार्न एन्टीहिस्टामाइन प्रयोग गर्नुहोस् वा दुखाइका लागि एसिटामिनोफेन वा नन-स्टेरोइडल र जलन कम गर्ने औषधि (NSAID) प्रयोग गर्नुहोस् ।

---

## साइड इफेक्टहरू हटाउनका लागि उपयोगी सुझावहरू

तपाईंले खोप लगाएपछि कुनै पनि दुखाइ कम गर्ने औषधि लिनुअघि जति सक्दो लामो समयसम्म पर्खनु नै उत्तम हुन्छ । कुनै पनि साइड इफेक्टबाट भएको दुखाइ वा असजिलोपना हटाउनको लागि मद्दत गर्न, आफ्नो बच्चालाई आइबुप्रोफेन, एसिटामिनोफेन (प्राय: टाइलेनोल भनिन्छ), वा नाप्रोसिन जस्ता प्रेस्क्रिप्सन बिना लिन सकिने औषधि दिने बारेमा डाक्टरसँग कुरा गर्नुहोस् ।

तपाईंका चिकित्सकले कुनै औषधि नलिन भनेको अवस्थामा बाहेक तपाईंले खोप लगाइसकेपछि दैनिक रूपमा सेवन गर्ने कुनै पनि दीर्घकालीन औषधि सेवन गरिराख्नु महत्त्वपूर्ण हुन्छ ।

**खोप लगाएको ठाउँमा दुखाइ र असहजता कम गर्नका लागि:**

- उक्त स्थानमा सफा, ठण्डा, भिजेको कपडा राख्नुहोस् ।
- आफ्नो पाखुराको प्रयोग वा व्यायाम गर्नुहोस् ।

**ज्वरोबाट हुने असजिलोपन कम गर्न:**

- प्रशस्त पानी पिउनुहोस् ।
- गर्मी नहुने गरी हल्का लुगा लगाउनुहोस् ।





---



## कुन बेला चिकित्सकलाई कल गर्ने

धेरैजसो अवस्थामा, तपाईंको बच्चाले सामान्य साइड इफेक्ट मात्रै अनुभव गर्नेछ । निम्न अवस्थामा चिकित्सक वा स्वास्थ्यसेवा प्रदायकलाई फोन गर्नुहोस्:

- तपाईंको बच्चालाई सुई लगाएको ठाउँमा देखिएको रातोपना वा दुखाइ 24 घन्टा (1 दिन) पछि झन् बढ्न थालेमा ।
- तपाईं आफ्नो बच्चामा कुनै अनौठो लक्षण देखिएर चिन्तित हुनुहुन्छ वा तपाईंसँग एकै पटकमा एकभन्दा बढी खोप लगाउँदा हुने विभिन्न साइड इफेक्टका बारेमा प्रश्नहरू छन् भने ।
- तपाईं आफ्नो बच्चामा देखिएका साइड इफेक्टले गर्दा चिन्तित हुनुहुन्छ वा केही दिनपछि पनि ती साइड इफेक्टहरू हराएर गएनन् भने ।

---

# खोप लगाएपछि गम्भीर साइड इफेक्टहरू बिरलै मात्र देखिन्छन्[4]

**गम्भीर, एलर्जीजन्य प्रतिक्रियाहरू बिरलै मात्र देखिन्छन् ।**
यदि कसैलाई एपेनिफ्रिन वा एपिपेन© ले उपचार गर्नुपर्‍यो वा अस्पतालमा जानुपर्‍यो भने एलर्जीजन्य प्रतिक्रियाहरूलाई गम्भीर मानिन्छ । यस्ता प्रकारका प्रतिक्रियाहरूलाई एनाफिलेक्सिस भनिन्छ र यो जहिले पनि खोप लगाएको 30 मिनेटभित्र हुन्छ । मान्छेहरूलाई सास फेर्न गाह्रो हुने, अनुहार र घाँटी सुन्निने, मुटुको धड्कन छिटो धड्किने, शरीरभरि नराम्रो डाबर आउने वा रिङ्गटा लाग्ने र कमजोरी हुने हुन सक्छ । त्यसैले, डाक्टरले तपाईंलाई अवलोकन गर्न सकून् र सबै कुरा ठिक छ भनेर सुनिश्चित गर्न सकून् भनेर खोप लगाएपछि 15 देखि 30 मिनेटसम्म खोप लगाएकै ठाउँमा बस्नु महत्त्वपूर्ण हुन्छ । एनाफिलेक्सिसको उपचार गर्न औषधिहरू उपलब्ध छन् । खोपको पहिलो डोजपछाडि एनाफिलेक्टिक प्रतिक्रिया हुने जोसुकैले पनि दोस्रो डोज लगाउनु**हुँदैन** ।






**गम्भीर नहुने, तत्काल एलर्जीजन्य प्रतिक्रियाहरू पनि कमै हुन्छन् ।**
आपत्कालीन स्याहार वा अस्पताल भर्ना गर्नु नपर्ने एलर्जीजन्य प्रतिक्रियालाई गम्भीर नहुने, तत्काल एलर्जीजन्य प्रतिक्रिया भनिन्छ । यस्ता प्रकारका प्रतिक्रियाहरू खोप लगाएपछि 4 घण्टाभित्र देखिन्छन् । मानिसहरूमा डाबर आउने, सुन्निने, वा घ्यारघ्यार हुन सक्छ । COVID-19 विरुद्धको खोपको डोज लगाएपछि तपाईंको बच्चामा गम्भीर, तत्काल एलर्जीजन्य प्रतिक्रिया देखिएका खण्डमा ती प्रतिक्रियाका कारण आपत्कालीन स्याहार प्राप्त गर्न वा अस्पतालमा भर्ना गर्न नपरे पनि उनले दोस्रो डोज **लगाउनु हुँदैन ।**

**दीर्घकालीन साइड इफेक्ट देखिने सम्भावना एकदमै कम हुन्छ ।**
तपाईंले सबै खोपहरूको इतिहास हेर्नुभयो भने खोपबाट हुने धेरैजसो दीर्घकालीन साइड इफेक्टहरू खोपको क्लिनिकल परीक्षण समाप्त भएपछिको 30 देखि 45 दिनको बीचमा देखिन्छन् । त्यसैले FDA ले कुनै खोपको क्लिनिकल परीक्षण पूरा भएको कम्तीमा 60 दिन पूरा भएपछि मात्र आपत्कालीन प्रयोगका लागि अनुमति (EUA) दिन्छ ।

FDA




4 https://www.cdc.gov/coronavirus/2019-ncov/vaccines/safety/allergic-reaction.html

UTAH DEPARTMENT OF HEALTH

# FDA र CDC ले कुनै दुर्लभ किसिमको साइड इफेक्ट देखिन्छ कि भनेर अनुगमन गर्न जारी राख्ने छन् ।

अतिरिक्त प्रशासनिक कार्यमा कटौती गरेर यी खोप यति छिटो विकास गरिएको हो । खोप विकास गर्ने क्रममा कुनै पनि महत्त्वपूर्ण चरण वा सुरक्षासम्बन्धी सावधानी नजरअन्दाज गरिएको थिएन । वैज्ञानिकहरूले एक दशकभन्दा बढी समयदेखि खोपहरू विकास गर्न प्रयोग गरिएको प्रविधिमा काम गरिरहेका छन् । विश्वभरमा देखिएका COVID-19 को लाखौँ सङ्क्रमणले गर्दा वैज्ञानिकहरूले यो भाइरसको छिटै अध्ययन गरेर सुरक्षित एवम् प्रभावकारी खोप विकास गर्न सके । संयुक्त राज्य अमेरिकाका लाखौँ मान्छेहरूले इतिहासकै सबैभन्दा कडा सुरक्षा अनुगमनअन्तर्गत रहेर COVID-19 विरुद्धका खोपहरू लगाएका छन् । FDA, CDC र खोपको अभ्याससम्बन्धी सल्लाहकार समितिले (ACIP)[5] उपलब्ध सबै तथ्याङ्कको ध्यानपूर्वक समीक्षा गरेको छ र COVID-19 लाई रोकथाम गर्न खोपहरू सुरक्षित र प्रभावकारी छन् भन्ने कुरामा विश्वस्त रहेको छ । **तपाईंले खोप लगाउँदा गम्भीर साइड इफेक्ट हुने सम्भावना जति हुन्छ तपाईंलाई तपाईंको ज्यान लिन सक्ने गरी COVID-19 को गम्भीर सङ्क्रमण हुने सम्भावना त्योभन्दा धेरै नै बढी हुन्छ ।**

संयुक्त राज्य अमेरिकासँग धेरै मान्छेहरूलाई खोप लगाउँदा मात्र देखिने दुर्लभ खालका साइड इफेक्टहरूको अनुगमन गर्नका निम्ति संसारकै[6] सबैभन्दा राम्रो प्रणाली रहेको छ । कसैले खोप लगाएपछि आफू बिरामी भएको कुरा बताएका खण्डमा उक्त बिमारी खोपका कारण भए पनि वा अन्य कारणले नै भए पनि CDC ले त्यसबारे सर्वसाधारणलाई जानकारी गराउँछ । खोप लगाएपछि डाक्टरहरूले मात्र नभइकन जोसुकै व्यक्तिले बिमारी वा साइड इफेक्टको बारेमा बताउन सक्छन् । यो जानकारी खोप लगाएपछि देखिने प्रतिकूल असरबारे रिपोर्ट गर्ने प्रणाली (VAERS) मार्फत रिपोर्ट गर्न सकिन्छ । कुनै स्वास्थ्य समस्या देखियो भनी VAERS लाई रिपोर्ट गरिएको खण्डमा उक्त समस्या खोपकै कारण देखिएको हो भन्ने अर्थ लगाउनु हुँदैन । यसले त वैज्ञानिक, खोप सुरक्षा विशेषज्ञहरू र डाक्टरहरूलाई कुनै पनि सम्भावित समस्याका बारेमा थप ध्यान दिएर हेर्नु पर्छ भनेर चेतावनी मात्र दिन्छ ।

यो प्रणालीले कति राम्रोसँग काम गर्छ भन्ने उदाहरण Johnson & Johnson ले विकास गरेको COVID-19 विरुद्धको खोप लगाएपछि एकदमै दुर्लभ प्रकारको रगत जम्ने समस्या (थ्रोम्बोसाइटोपेनिया सिन्ड्रोम वा TTS भएको थ्रोम्बोसिस) तुरुन्तै पत्ता लाग्नुलाई लिन सकिन्छ । रगत जम्ने यो समस्याको अन्य प्रकारका रगत जम्ने समस्याभन्दा फरक तरिकाले उपचार गरिनु पर्छ । VAERS प्रणालीले यो दुर्लभ साइड इफेक्ट पत्ता लगाउन सफल भयो र CDC ले डाक्टरहरूलाई रगत जम्ने यो समस्याको उपचार गर्ने उत्कृष्ट तरिका बताउन सक्यो । अब कसैलाई यो दुर्लभ साइड इफेक्ट भइहाल्यो भने पनि डाक्टरहरूले प्रभावकारी रूपमा यसको उपचार गर्न सक्छन् । Johnson & Johnson ले विकास गरेको खोप Pfizer र Moderna ले विकास गरेका mRNA खोपहरूभन्दा फरक प्रकारको खोप हो भन्ने कुरा बुझ्नु जरुरी छ । Pfizer र Moderna खोपका 200 मिलियनभन्दा बढी डोजमा रगत जम्ने कुनै समस्या देखिएको **छैन** । Pfizer खोप बच्चाहरूलाई लगाउनका लागि आधिकारिक रूपमा स्वीकृत गरिएको एक मात्र COVID-19 विरुद्धको खोप हो ।

खोप सुरक्षा प्रणालीले मायोकार्डिटिस (मुटुको मांसपेशी सुन्निने र पोल्ने) वा पेरिकार्डिटिस (मुटु वरिपरिको झिल्ली पोल्ने) का सम्बन्धमा केही रिपोर्टहरू प्राप्त गरेको छ ।[7] यी स्वास्थ्य समस्याहरू असामान्य होइनन् । मायोकार्डिटिस र पेरिकार्डिटिस सामान्यतया फ्लू, लाइम रोग वा COVID-19 जस्ता भाइरसको सङ्क्रमण पछि देखिन्छ र यसको उपचार गर्न सकिन्छ । अमेरिकामा प्रत्येक वर्ष 100,000 जनामध्ये लगभग 10 देखि 20 जनामा मायोकार्डिटिस रोग भेटिन्छ । मायोकार्डिटिसको यी दुर्लभ बिमारीहरू खोपसँग जोडिएका छन् कि छैनन् भन्ने कुरा पनि अझै थाहा छैन । अमेरिकन हार्ट एसोसिएशनले हालसालै एउटा वक्तव्य जारी गरेर[8] रिपोर्ट गरिएका केसहरू दुर्लभ भएकाले र उक्त साइड इफेक्ट हल्का खालको मात्र भएकाले अझै पनि यो साइड इफेक्टबाट हुने जोखिमको तुलनामा COVID-19 विरुद्धका खोप लगाउनुको फाइदा नै बढी छ भनेर आमाबुबालाई सल्लाह दिएको छ ।

5 https://www.cdc.gov/mmwr/volumes/70/wr/mm7020e1.htm?s_cid=mm7020e1_w

6 https://www.cdc.gov/vaccinesafety/index.html

7 https://www.cdc.gov/coronavirus/2019-ncov/vaccines/safety/myocarditis.html

8 https://newsroom.heart.org/news/covid-19-vaccine-benefits-still-outweigh-risks-despite-possible-rare-heart-complications

# के COVID-19 विरुद्धको खोपले कसैको मृत्यु भएको छ ?

सन् 2020 को डिसेम्बर 14 देखि 2021 को मे 10 सम्म संयुक्त राज्य अमेरिकामा लगाइएको COVID-19 विरुद्धको 25.9 करोड डोजमध्ये खोपकै प्रत्यक्ष कारणले गर्दा कसैको पनि मृत्यु भएको छैन ।[9]

तर Johnson & Johnson को COVID-19 विरुद्धको खोपले भने निकै कम मान्छेहरूमा रगत जम्ने र प्लेटलेटको सङ्ख्या कम हुने दुर्लभ र गम्भीर प्रतिकूल असरहरू पाइएको छ । त्यतिबेला धेरै डाक्टरहरूलाई रगत जम्ने यी दुर्लभ समस्याहरूको रगत जम्ने अन्य समस्याभन्दा फरक तरिकाले उपचार गर्न जरुरी छ भन्ने कुरा थाहा थिएन । यो खोपका कारण हुने रगत जम्ने समस्याको उपचार गर्दा रगत जम्ने अन्य समस्याको उपचारमा प्रयोग गरिने औषधि प्रयोग गरिएको खण्डमा निकै गम्भीर साइड इफेक्टहरू देखिन सक्छ । दुर्भाग्यवश, सही औषधि प्रयोग नगरिएकाले केही मान्छेहरूको मृत्यु भयो । mRNA खोपहरू (Pfizer वा Moderna) का हकमा भने रगत जम्नेसम्बन्धी कुनै पनि समस्या देखिएको छैन ।

mRNA खोप (Pfizer र Moderna) लगाएपछि देखिने कुनै पनि साइड इफेक्ट (चाहे त्यो दुर्लभ साइड इफेक्ट नै किन नहोस्) का कारण मान्छेको मृत्यु भएको छैन । 18 वर्षभन्दा कम उमेरका बच्चाहरूलाई लगाउनका लागि Pfizer मात्र आधिकारिक रूपमा स्वीकृति पाएको खोप हो । Johnson & Johnson खोपले 18 वर्षभन्दा मुनिका बच्चाहरूलाई लगाउनका लागि आधिकारिक रूपमा स्वीकृति पाएको छैन ।

# Pfizer ले विकास गरेको COVID-19 विरुद्धको खोप कसले लगाउनुहुँदैन ?

Pfizer/BioNTech ले विकास गरेका COVID-19 विरुद्धको खोप 12 वर्ष र सोभन्दा बढी उमेरका व्यक्तिलाई लगाउनका लागि आधिकारिक रूपमा स्वीकृत गरिएको छ । तपाईंको बच्चाले निम्न अवस्थामा यो खोप लगाउनु **हुँदैन**:

- खोपको पहिलो डोज लगाएपछि गम्भीर एलर्जीजन्य प्रतिक्रिया देखिएको थियो भने ।
- खोपमा समावेश गरिएको कुनै पनि सामग्रीसँग गम्भीर एलर्जीजन्य प्रतिक्रिया देखिएको थियो भने ।
- तपाईंको बच्चाले COVID-19 विरुद्धको खोपको पहिलो डोज लगाएपछि उनमा तत्काल एलर्जीजन्य प्रतिक्रिया देखिएको छ भने वा उनलाई अर्को प्रकारको खोप वा कुनै अर्को रोगका लागि सुइबाट दिइने थेरापीका क्रममा एलर्जीजन्य प्रतिक्रिया देखिएको थियो भने उक्त एजर्ली गम्भीर प्रकृतिको नभएका खण्डमा पनि उनलाई COVID-19 विरुद्धको खोप लगाउनुअघि डाक्टरसँग कुरा गर्नुहोस् ।

तपाईंको बच्चालाई विगतमा खानेकुरा, जनावर, भेनम, वातावरण वा ल्याटेक्सका कारण हुने एलर्जी जस्ता गम्भीर खालका एलर्जीजन्य प्रतिक्रिया भएको थियो भने पनि उनले खोप लगाउन सक्छन् तर ती एलर्जी खोप वा सुईबाट दिइने औषधिसँग सम्बन्धित हुनु हुँदैन । तपाईंको बच्चालाई विगतमा मुखबाट खाने औषधिहरूबाट एलर्जी भएको थियो वा उनको परिवारमा कसैलाई गम्भीर एलर्जी प्रतिक्रिया भएको इतिहास छ भने पनि उनले खोप लगाउन सक्छन् ।[10]

# के मेरो बच्चाले COVID-19 विरुद्धको खोप र अन्य खोप एकै समयमा लगाउन सक्छन् ?

तपाईंले COVID-19 विरुद्धको खोप लगाउने बेला आफू र आफ्नो बच्चाले अन्य सबै खोपहरू लगाइसकेको कुरा सुनिश्चित गर्नु राम्रो हुन्छ । **अब COVID-19 विरुद्धको खोप र अन्य खोपहरू एकै दिनमा लगाउन सकिन्छ र तपाईंले पछिल्ला 14 दिनमा कुनै अर्को प्रकारको खोप लगाउनुभएको थियो भने पनि तपाईंले COVID-19 विरुद्धको खोप लगाउनका लागि पर्खिराख्नु पर्दैन ।**[11] आफ्नो बच्चाले खोप लगाएपछि कुन कुन कुरामा ध्यान दिने भन्ने कुरा थाहा पाउनका लागि डाक्टरलाई प्रत्येक खोपको सम्भावित साइड इफेक्टका बारेमा सोध्नुहोस् । तपाईंको बच्चाले एकै समयमा दुवै खोपहरूको साइड इफेक्ट झेल्नु पर्ने हुन सक्छ ।




9 https://www.cdc.gov/coronavirus/2019-ncov/vaccines/safety/adverse-events.html
10 https://www.cdc.gov/coronavirus/2019-ncov/vaccines/recommendations/specific-groups/allergies.html
11 https://www.cdc.gov/vaccines/covid-19/info-by-product/clinical-considerations.html#Coadministration

# मेरो बच्चाले COVID-19 विरुद्धको खोप लगाएपछि उसलाई कुनै साइड इफेक्ट देखिएको खण्डमा के मैले त्यसबारे रिपोर्ट गर्नु पर्छ ?



तपाईंलाई आफ्नो बच्चाले खोप लगाएपछि उसलाई साइड इफेक्ट देखिएको छ भन्ने लागेमा तपाईं उक्त साइड इफेक्टका बारेमा CDC को खोप लगाएपछि देखिने प्रतिकूल असरबारे रिपोर्ट गर्ने प्रणाली (VAERS) मा रिपोर्ट गर्न सक्नुहुन्छ । तपाईं उक्त साइड इफेक्टबारे रिपोर्ट गरिदिन भनी आफ्नो डाक्टरलाई पनि अनुरोध गर्न सक्नुहुन्छ । VAERS ले वैज्ञानिक र चिकित्सा विशेषज्ञहरूलाई स्वास्थ्य समस्याहरूको असामान्य वा अप्रत्याशित अवस्थाहरू (जसलाई "प्रतिकूल असर" पनि भनिन्छ) चाँडै पत्ता लगाउन मद्दत गर्छ । यी समस्याहरूले खोपमा हुन सक्ने सुरक्षा समस्या इङ्गित गर्न सक्छन् ।

---

## V-safe मा साइन अप गर्नुहोस्

V-Safe एक अनलाइन टुल हो । तपाईं यसका सहायताले COVID-19 विरुद्धको खोप लगाएपछि कुनै साइड इफेक्टहरू देखियो भने CDC लाई बताउन सक्नुहुन्छ । यदि तपाईंले दोस्रो डोज लगाउनुपर्ने भएमा तपाईंले रिमाइन्डरहरू पनि प्राप्त गर्न सक्नुहुनेछ । www.cdc.gov/vsafe मा गई v-safe को बारेमा थप जानकारी प्राप्त गर्नुहोस् ।

